# महालेखा परीक्षकको कार्यालय

**Office of the Auditor General**

(संघीय मामिला तथा स्थानीय विकास निर्देशनालय)

Phone: 4258174
4266034
4255707
Fax: 977-1-4268309
977-1-4262798
Post Box: 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu
NEPAL


पत्र संख्या: २०७४/७५
च.नं. १५२७

मिति: २०७४।१२।२५

विषय: **लेखापरीक्षण प्रतिवेदन ।**

श्री प्रमुखज्यू,
वकैया गाउँपालिका
मकवानपुर ।

लेखापरीक्षण ऐन, २०४८ अनुसार त्यस कार्यालयको आर्थिक वर्ष २०७३।७४ को विनियोजन/राजस्व/धरौटी/अन्य कारोबारको आर्थिक विवरण तथा सोसँग सम्बन्धित पेस भएसम्मको लेखा र लेखासँग सम्बन्धित कागजपत्र परीक्षण गरी मिति २०७४/११/४ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्रतिक्रिया प्राप्त नभएको हुँदा कायम लेखापरीक्षण प्रतिबेदन पाना २ यसैसाथ छ । प्रारम्भिक प्रतिवेदनलाई सन्दर्भ प्रतिबेदनको रुपमा लिई यो प्रतिवेदनमा उल्लिखित व्यहोराका सम्बन्धमा नियमानुसार फछ्र्यौट गरी सम्परीक्षण गर्नु गराउनु हुन अनुरोध गरिएको छ ।

(महेश्वर काफ्ले)
नायव महालेखापरीक्षक

# महालेखा परीक्षकको कार्यालय
## Office of the Auditor General
(संघीय मामिला तथा स्थानीय विकास निर्देशनालय)

Phone: 4258174
4266034
4255707
Fax: 977-1-4268309
977-1-4262798
Post Box: 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu
NEPAL


श्री प्रमुखज्यू,
वकैया गाउँपालिका,मकवानपुर ।

मिति २०७४।१२।२५

**लेखापरीक्षण प्रतिवेदन**

यस कार्यालयबाट वकैया गाउँपालिकाको आर्थिक वर्ष २०७३।७४ को पेश भएका आर्थिक विवरण र सो सँग सम्बन्धित कागजात लेखापरीक्षण सम्पन्न गरिएको छ ।

**आर्थिक विवरण उपर व्यबस्थापन पक्षको जिम्मेवारी**

आर्थिक कार्यविधि ऐन, २०५५ आर्थिक कार्यविधि नियमावली, २०६४ स्थानिय स्वायत्त शासन ऐन, २०५५ तथा स्थानिय निकाय आर्थिक प्रशासन नियमावलि, २०६४ र प्रचलित कानून तथा अभ्यास अनुरुप लेखा राख्ने र राख्न लगाउने, लेखा विवरण तयार गर्ने गराउने कार्यका साथै आर्थिक प्रशासन संचालन गर्ने तथा प्रस्तुतिकरण गर्ने जिम्मेवारी व्यबस्थापन पक्षको रहेको छ ।

**लेखापरीक्षकको जिम्मेवारी**

प्रस्तुत आर्थिक विवरणहरु उपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु लेखापरीक्षकको जिम्मेवारी हो । लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन, २०४८ तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको सरकारी लेखापरीक्षण मापदण्ड र अन्य मार्गदर्शन तथा अन्य प्रचलित कानूनको आधारमा गरिएको छ । लेखापरीक्षणको क्रममा प्राप्त गरेका प्रमाणहरु लेखापरीक्षण राय व्यक्त गर्ने आधार उपलब्ध गराउन पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधार**

कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा केन्द्रिय विवरणहरुमा सारभूत असर पार्ने व्यहोराहरु निम्नानुसार छन्:

१. लेखापरीक्षणवाट रु. १३ लाख ७६ हजार वेरुजु देखिएको छ । सो मध्ये नियमित गर्नुपर्ने रु. १३ लाख ७६ हजार रहेको छ ।

२. साविकका स्थानीय निकायको सवारी साधन, कम्प्यूटर, फर्निचर लगायतको सम्पत्ति स्थानीय तहमा हस्तान्तरण गरी अभिलेख राख्नु पर्नेमा हस्तान्तरण भएको छैन ।

३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्वन गरेकोले सम्पत्ति तथा दायित्व यकिन हुन सकेन ।

४. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७४।१२।२५ मा लेखापरीक्षण प्रतिबेदन जारी गरिएको छ ।

**कैफियत सहितको लेखापरीक्षण राय**

कैफियत सहितको लेखापरीक्षण रायले त्यहांको वित्तीय विवरणहरुमा पर्ने असर र लेखापरीक्षण प्रतिबेदनमा उल्लेख भएका व्यहोराहरु बाहेक आर्थिक वर्ष २०७३।७४ को आर्थिक कारोवार, लेखा तथा प्रतिवेदन आर्थिक कार्यविधि ऐन, २०५५ र नियमावली, २०६४ स्थानिय स्वायत्त शासन ऐन, २०५५ तथा स्थानिय निकाय आर्थिक प्रशासन नियमावलि, २०६४ तथा प्रचलित कानून बमोजिम रहेको छ ।

(महेश्वर कापले)
नायव महालेखापरीक्षक

# बकैया गाउँपालिका

## लेखापरीक्षण प्रतिवेदन

गत वर्षको मौज्दात रु.१ करोड ९५ लाख १६ हजार समेत रु.१० करोड ६ लाख आम्दानी भएकोमा रु.८ करोड ६६ लाख ७८ हजार खर्च भई रु.१ करोड ३९ लाख २२ हजार मौज्दात रहेको छ । सो कारोवारको लेखापरीक्षणबाट देखिएका प्रमुख व्यहोरा निम्नानुसार छन :

१. **बैंक बढी :** आय-व्यय विवरण अनुसार असार मसान्तको मौज्दात रु. १,३९,८०,४९५।- देखिएकोमा असार मसान्तको बैंक मौज्दात रु. २,७८,१३,३०५।- देखिएको छ । खाता भन्दा बैंकमा बढी देखिएको रु. १,३८,३२,८१०।- बैंक हिसाव मिलान विवरण तयार गरी आम्दानी बाँध्नुपर्ने देखिन्छ ।

२. **जिम्मेवारीः** साविक श्रीपुरछतिवन गा.वि.स समेत ५ वटा गा.वि.स वाट रु १,२४,९४,९७४।- गाउपालिकालाई फिर्ता देखाएको तर गाउपालिकाले रु १,२५,४६,८८८।- आम्दानि देखाएको छ । बढि आम्दानी देखिएको रु ५१,३१३।- सम्बन्धमा थप छानबिन गरी यकिन गरिनुपर्दछ ।

३. **सम्पत्ति हस्तान्तरणः** स्थानीय तहमा बजेट तर्जुमा, कार्यान्यन, आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को बुदाँ नं. ६.३ मा गाउँपालिका वा नगरपालिका कायम हुँदा सोभित्र गाभिएका साविकका गाउँ विकास समिति वा नगरपालिका वा त्यसको कुनै वडाको चल, अचल सम्पत्ति, दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाउँपालिका वा नगरपालिकामा स्वतः हस्तान्तरण हुनेछ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७४ भाद्र मसान्तभित्र स्थानीय तहले तयार गरी प्रतिवेदन सार्वजनिक गर्नुपर्ने व्यवस्था छ । कार्यालयले साविक गाउँ विकास समितबाट के कति सम्पत्ति हस्तान्तरण भएको हो सो सम्बन्धमा लगत तयार गरेको देखिएन । अतः कार्यालयले साविक गाउँ विकास समितिबाट हस्तान्तरण भई आएको सम्पत्तिको लगत तयार गरी सार्वजनिक गर्नुपर्दछ ।

४. **पेश्की तथा बेरुजु :** स्थानीय तहमा बजेट तर्जुमा, कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को बुंदा नं. ५.१२ मा गाउँपालिका तथा नगरपालिकामा समाहित भएका साविकका गाउँ विकास समितिको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको गाउँपालिका वा नगरपालिकामा कायम गरी प्रचलित कानून अनुसार पेश्की तथा बेरुजु संपरीक्षण गर्नुपर्ने व्यवस्था छ । यस गाउँपालिका अन्तर्गतको साविकका पाँच वटा गाउँ विकास समितिका कार्यालयहरुको पेश्की तथा बेरुजुको अभिलेख गाउँपालिका/नगरपालिकामा खडा गरी राख्नुपर्दछ ।

५. **खरिद योजनाः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८(१) मा सार्वजनिक निकायले वार्षिक दश लाख रुपैयाँभन्दा बढी रकमको खरिद गर्नुपर्ने भएमा आगामी आर्थिक वर्षको अनुमानित वार्षिक कार्यक्रम तथा बजेट तयार गर्दा आगामी आर्थिक वर्षमा गर्ने वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयले सार्वजनिक खरिद तथा नियमावली बमोजिम वार्षिक खरिद योजना तयार गरेको नपाईएकोले नियमावलीको पालना गर्नुपर्दछ ।

६. **श्रेस्ता अनुगमनः** स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को ५१ मा उपभोक्ता समितिले लेखा दुरुस्त नराखेको पाइएमा प्रचलित कानून बमोजिम कारबाही हुने व्यवस्था छ । कार्यालयले यो वर्ष सो अनुसार उपभोक्ता समितिले लेखा दुरुस्त राखे नराखेको सम्वन्धमा अनुगमन गरेको देखिएन ।

७. **आयोजना जाँचपासः** स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को दफा ३५ मा स्थानीय निकायले आयोजना सम्पन्न भएको जानकारी प्राप्त भएपछि आवश्यक जाँचबुझ गरी ३० दिनभित्र जाँचपास गर्नुपर्ने तथा आयोजना जाँचपास भएपछि फरफारक गरिदिनु पर्ने व्यवस्था छ । गाउपालिकाबाट सञ्चालित आयोजनाहरुको जाँचपास तथा फरफारक गर्ने गरेको नपाईएकोले नियमावलीको कार्यन्वयनमा ध्यान दिनुपर्दछ ।

८. **खर्च विवरणः** स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को दफा ४८(३-क) मा अनुसूची-२५ बमोजिम क्षेत्रगत खर्चको विवरण तयार गर्नुपर्ने व्यवस्था छ । गाँउपालिकाले क्षेत्रगत खर्चको विवरण तयार नगरेको कारणले चालु खर्च, लक्षित समूह, पूर्वाधार विकास, प्रवर्धनात्मक कार्य तथा कन्टिन्जेन्सी भएको खर्च सम्बन्धमा यकिन गर्न सक्ने अवस्था नरहेकोले क्षेत्रगत खर्च विवरण तयार गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

९. **लागत अनुमानः** सार्वजनिक खरिद ऐन २०६३ को दफा ५ अनुसार सार्वजनिक निकायले मालसामानको स्पेसिफिकेशनको अधीनमा रही लागत अनुमान तयार गर्नुपर्ने तथा सोही ऐनको दफा ८(२) मा खरिद कार्य गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था छ । कार्यालयले लागत अनुमान तयार नगरी रु.२,७८,४३२.०० को फर्निचर तथा कार्यालय सम्बन्धि मालसामान टुक्रा टुक्रा पारी खरिद गरेको पाईएकोले अनियमित देखियो ।

१०. **पेस्की फछ्र्यौटः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४(३) अनुसार पेश्की फछ्र्यौट गर्नु पर्दछ । कार्यालयले साविकका गाउँ विकास समितिको नाममा देखिएको फछ्र्यौट गर्न बाँकी पेश्की रु.५४,२९,७७०।- गाउँपालिकाको नाममा जिम्मेवारी सारी फछ्र्यौट गर्नुपर्नेमा जिम्मेवारी नसारी गाउँपालिकाले यस वर्ष फछ्र्यौट

देखाएको पेश्की रु.२,२०,०००।- र साविक गा.वि.स.ले फछ्र्यौट देखाएको रु.१,३०,०००।- घटाउँदा यथार्थ पेश्की रु.५०,७९,७७०।- बाँकी देखिएकोले नियमानुसार फछ्र्यौट गर्नु पर्दछ ।

**श्रीपुरछतिवन गाउँ विकास समिति**

११. **मालपोतः** मालपोत आम्दानी रु. ६,३३,६८३।- देखाएकोमा असुली भएको नगदी रसिद पेश भएकोले यकिन गर्न सकिएन । रसिद अनुसारको मालपोत आम्दानी यकिन गर्नुपर्दछ ।

१२. **जिन्सी दाखिलाः** विभिन्न मितिमा २ वटा फर्मबाट ल्याप्टप थान १ र मोटरसाइकल थान १ रु.२,५५,०००। मा खरिद गरिएकोमा जिन्सी दाखिला नभएकोले जिन्सी अभिलेख व्यवस्थित गरी जिन्सी सामान दाखिला गर्नु पर्दछ ।

१३. **आयकरः** विभिन्न मितिमा ल्याप्टप तथा मोटरसाइकल खरिदको भुक्तानीमा कट्टा भएको अग्रीम आयकर वापतको रु. ३३९७।- राजस्वको सम्बन्धीत शिर्षकमा दाखिला भएको देखिएन । उक्त रकम दाखिला गर्नु पर्दछ ।

१४. **जग्गा खरिदः** धियँल गाँउ विकास समितिको वडा नं. ४, कि.नं. १५५८, क्षेत्रफल ०-२-३ मा रु.२,१०,०००।- को जग्गा खरिद गरेकोमा जग्गा धनी प्रमाण पुर्जा लिई सम्पत्ति अद्यावधिक गर्नुपर्ने देखिन्छ ।

**शिखरपुर गाउँ विकास समिति**

१५. **कर दाखिलाः** आयकर ऐन २०५८ अनुसार पटके रुपमा भुक्तानी दिएको रकमको अग्रिम कर रु.१०,२४७।- तथा सामाजिक सुरक्षा कर रु.१६६१।- समेत रु. २८०४।- दाखिला गर्न बाँकी देखिएकोले राजश्व खाताको सम्बन्धीत शिर्षकमा दाखिला गर्नुपर्ने देखिन्छ ।

१६. **पेस्कीः** साविक शिखरपुर गा.वि.स. चालु वर्षको फछ्र्यौट गर्न बाँकी पेश्की रु.८०,०००।- बकैया गाउँपालिकाबाट रु.८०,०००।- फछ्र्यौट भएको देखिएको छ । फछ्र्यौट गर्न बाँकी पुरानो पेश्की गाउँपालिकामा जिम्मेवारी सारी पेश्की फछ्र्यौट गरिनु पर्दछ ।

**बेरुजुको स्थिती**

यो वर्ष लेखापरीक्षणवाट रु. १३ लाख ७६ हजार वेरुजु देखिएको छ । सो मध्ये नियमित गर्नुपर्ने रु. १३ लाख ७६ हजार रहेको छ ।

